अध्यक्ष महोदय

नेपालको संबिधान बमोजिम स्थानीय तहलाई कार्यपालिका , व्यवस्थापिका र न्यायिक अधिकार प्रदान गरेको छ। यी अधिकार सम्बन्धि व्यवस्था कार्यन्वयन गर्न स्थानीय तह देखि सुदृढिकरण गर्न र स्थानीय नेतृत्वको बिकाश तथा स्थानीय शासन पद्दतिलाई सस्थागत गर्न स्थानीय सरकार संचलन ऐन,२०७४ जारि भई कार्यन्वयनमा छ। यस ऐन ले स्थानीय तहको काम, कर्तब्य र अधिकारलाई उल्लेख गरेको छ। यस बाहेक विभिन्न संघ र प्रदेशका कानुनहरुको कार्यान्वयनमा योगदान गर्ने जिम्मेवारी स्थानीय सरकारलाई छ।

स्थानीय तहलाई प्रदान गरिएका यी जिम्मेवारी पुरा गर्ने क्रममा गाउँपालिकाको उपाध्यक्षले स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा योजना तथा कार्यक्रमको अनुगमन र सुपरिवेक्षण, राजस्व सम्बन्धि नीतिगत परामर्श र न्यायिक कार्यसम्पादन जस्ता कार्यहरुको नेतृत्व गर्ने र अन्य कतिपय कार्यहरुमा सहयोगी , जिम्मेवारी निर्वाह गर्नुपर्ने छ। यी जिम्मेवारी पुरा गर्दा न्यायिक समितिमा यस बर्षको लिखित उजुरी ५ वटा मात्र परेका छन्। ससरीर उपस्तित भइ छलफल र मेलमिलाप भएका १२ वटा छन् भने ज् २ वटा किनारा लाग्न बाकि छन। यस कार्यका लागि न्यायिक समितिको बैठक १२ वटा बसिएका छन्। यस बर्ष न्यायिक समतिको सचिवालय तथा कर्मचारी नहुँदा कार्य सम्पादनमा समस्या देखिएको छ।

अध्यक्ष महोदय

योजना तथा कार्यक्रम अनुगन र सुपरिवेक्षणका सन्दर्भमा गाउँपालिकाका ५ लाख भन्दा माथिका आयोजनाहरु तथा कार्यक्रम अनुगमन सुपरिवेक्षण गर्ने क्रममा चोकबजार सेराखेत ढलनिकास आयोजना टेन्डर मार्फत रञ्जित रन्जन रेसुंगा दर्शन जे भी कम्पनीले काम गरिरहेको छ। यसको भौतिक प्रगति ८७% आर्थिक प्रगती ६४.२२% भएको छ। काममा कहीं अनियमितता देखिएकोले पुन: काम गर्न लागाइएकोमा काम भईरहेको छ र पनि समयमै काम सकिने देखिन्छ। छिप्रीदह संरक्षण तथा मन्दिर निर्माण ठेक्का मार्फत टिनिशा निर्माण सेवा कम्पनिले गरिरहेको छ। यसको काम गर्दा केही आइटम भेरियसन गरिएको छ। यसको भौतिक प्रगति ९३% आर्थिक प्रगती ७३.२२% छ। यो काम समयमै सकिने देखिन्छ।

गाउँपालिका स्तरीय स्वास्थ्य चौकी निर्माण ठेक्का मार्फत कुवर डेपलोपर्स कम्पनिलाई काम परेको यसको प्रगति नभएको घडेरी खन्ने र थोँरै सरिया सहित सामाग्री पुर्याउने मात्र भएको छ। यसले यस बर्ष काम सक्ने सम्भावना कम देखिन्छ। सिस्ने गा.पा. प्रशासनिक भवन निर्माण सम्पन्न भई सेवा सूचार भएको साना तिना मर्मतहरु गर्नुपर्ने देखिन्छ।



CamScanner

रिंङ्गरोड रुकुमकोट ५ र ६ यसको भौतिक प्रगति ९४.७६ % र आर्थिक प्रगति ६९.९५% भएको छ। यसको काम एम बि ग्रुप कम्पनीले गरिरहेको छ। कटिङ्ग वाल जालीको काम भएकोले अनुगमनको क्रममा थपिएको दायित्व गर्नुपर्ने देखिन्छ। नेटा सहिद पार्क सिस्ने -२ को काम ठेका मार्फत भएको जसको भौतिक ६५% आथिक ३६.१६ % मात्र काम भएको देखिन्छ। ठाटिडाँडा द्वन्दस्थल संग्रालय एम.बि ग्रुप कम्पनिले ठेका मार्फत काम गरिरहेको जसको भौतिक प्रगति ३६% र आर्थिक २०% भएको छ।

शिक्षा तर्फका रास्ट्रपति शैक्षिक सुधार कार्यक्रमका भवन हरु सन्तोषजनक प्रगति देखिएको छ। शिक्षा क्षेत्रका कार्यक्रमहरुले धेरै जसो स्कुलहरुमा उत्साह थपेको छ भने केहि स्कुलमा निराशा देखिएको छ। उपभोक्ता मार्फत भएका तपसिलका कार्यक्रमहरु सन्तोषजनक छन। केहि कार्यक्रमहरु आगामी कार्यशैलि परिवर्तन गर्नुपने देखिन्छ।

**तपशिल :**

| क्षेत्र | १लाख सम्मका योजना | ५ लाख सम्म | ५-१० लाख सम्म | १०-२० लाख सम्म | २० लाख-१ करोड सम्म | १ करोड भन्दा माथि |
|---|---|---|---|---|---|---|
| गा.पा. अन्तर्गत | 0 | २५ | १२ | ७८ | ६ | १ |
| वडा अन्तर्गत | ४२ | ९४ | ३ | १ | १ | 0 |
| जम्मा | ४२ | ११९ | १५ | ८ | ७ | १ |



CamScanner

**क्षेत्रगत योजना संख्या बिवरण**

| भवन | | | | सडक | | खानेपानी | | | सिचाई | | उर्जा | | सरसफाई संरचना | | पर्यटन पूर्वाधार तथा अन्य पूर्वाधार | | | | | झोलुंगे पुल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सरकारी | समुदाय | बिद्यालय | अन्य मर्मत / घेराबार / फर्निचर | नयाँ ट्रयाक खोल्ने | स्तर्रोन्नती तथा मर्मत | नयाँ निर्माण | मर्मत | अन्य | नयाँ निर्माण | मर्मत | नयाँ निर्माण | मर्मत | ढल निकास | शौचालय | सग्रालय | मठ / मन्दिर | पार्क | खेलमैदान | चौतारी | नयाँ निर्माण / स्टिल पार्ट्स खरिद | मर्मत |
| ३.0 | १०.0 | 9.0 | ११.0 | ३८.0 | १२.0 | ७.0 | १०.0 | २१.0 | 0.0 | १.0 | 0.0 | १.0 | ४.0 | २.0 | ४.0 | १४.0 | २.0 | ८.0 | ७.0 | ५.0 | १.0 |

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
एकुमकोट, रुकुम पूर्व
लुम्बिनी प्रदेश, नेपाल
२०७३

.....................
गोपाल रेउले
उपाध्यक्ष
अनुगमन समिती संयोजक
सिस्ने गाउपालिका
ज१त्रकम



CS CamScanner